
*Dhaulagiri Journal of Contemporary Issues* *Vol.* 4, *Issue 1* 2026 pp. 157-168

Publisher: RMC Dhawalagiri Multiple Campus, Baglung **ISSN: 2990-7993(P)**




**Article information**

Received: 29 January 2026
Reviewed: 5 February to 13 April 2026
Revisied: 15 April to 25 May 2026
Accepted: 22 June 2026
Published: 8 July 2026
DOI: https://doi.org/10.3126/djci.v4i1.96641
Available: https://dmcjournal.edu.np/index.php/DWJCI

# 'घरपैँचो' लोककथामा पारिस्थितिक प्रणाली

**शिवशरण ज्ञवाली**
सरस्वती बहुमुखी क्याम्पस, काठमाडौं
**Email:** shivasmirti39@gmail.com

**लेखसार**

प्रस्तुत लेखले गुल्मी जिल्लामा प्रचलित लोककथा 'घरपैँचो' को पर्यावरणीय पारिस्थितिक प्रणालीको विश्लेषण गरेको छ । लोककथाको पर्यावरणीय पारिस्थितिक प्रणालीको मूल्याङ्कन गर्नु लेखको उद्देश्य बनेको छ । गुल्मी जिल्लाका लोककथाका बारेमा होमनाथ सापकोटा, दधिराम पन्थी, सञ्जु कणेल, शिवशरण ज्ञवालीले अध्ययन गरेका भए पनि पर्यावरणीय पारिस्थितिक प्रणालीको पूर्ण अध्ययन भने अरुले गरेको पाइँदैन । यसैले गुल्मी जिल्लाका लोककथाको पर्यावरणीय पारिस्थितिक प्रणालीको अध्ययनका क्षेत्रमा रिक्तता रहेको छ । त्यो रिक्तताको परिपूर्ति गर्नका लागि पर्यावरणीय समालोचना सिद्धान्तलाई आधार बनाइएको छ । पर्यावरणीय समालोचनाको पारिस्थितिक प्रणालीसम्बन्धी अवधारणाका आधारमा लेख तयार पारिएको छ । लेखका लागि सामग्रीको सङ्कलन पुस्तकालय र क्षेत्रकार्यका आधारमा गरिएको छ । सङ्कलित सामग्रीको अध्ययन वर्णन, व्याख्या र विश्लेषण विधिका आधारमा गरिएको छ । 'घरपैँचो' लोककथाको पारिस्थितिक प्रणाली जीव र निर्जीव पक्षका बिचको अन्तर्सम्बन्ध, जीवको शक्तिको रूपान्तरण र जल तथा थलजस्ता वासस्थानका कारण सन्तुलित रहेको पाइन्छ । लोककथामा मानवीय र मानवेतर पात्र तथा भौतिक तत्त्व एक आपसमा अन्तर्सम्बन्धित रहेका छन् । लोककथामा राजकुमारकी श्रीमतीको शक्तिको रूपान्तरण भएको छ । लोककथाका मानव र मानवेतर जीवहरूको वासस्थान थल र जल दवै बन्न पुगेको पाइन्छ । राजकुमारकी श्रीमतीले पारिस्थितिक प्रणाली असन्तुलित बनाउन खोज्दा स्वयं दण्डित हुनुपरेको छ । ऊ दण्डित भए पछि पारिस्थितिक प्रणाली सन्तुलित बन्न पुगेको छ । लोककथा पर्यावरणीय पारिस्थितिक प्रणालीको चित्रण दृष्टिले उत्कृष्ट रहेको छ । यस अध्ययनले लोककथामा अन्तर्निहित पारिस्थितिक प्रणालकिो महत्त्वलाई उजागर गरेको छ ।

*शब्दकुञ्जी :* अजैविक, प्रजाति, भोग, वासस्थान, स्थानिक, शक्तिको रूपान्तरण

*Copyright 2026 © The Author(s): This article is licensed under the terms and conditions of Creative Commons Attribution Non-commercial (CC BY NC) License (https://creativecommons.org/licenses/by-nc/4.0/*

## विषयपरिचय

प्रशासनिक विभाजनमा नेपालमा सत्तहत्तर जिल्ला रहेका छन् । तीमध्येको एउटा जिल्ला गुल्मी हो । राजधानी काठमाडौँबाट पश्चिममा रहेको यो जिल्ला नेपालको पहाडी जिल्ला हो । राज्य पुनर्संरचनामा गर्दा जिल्लालाई रेसुङ्गा र मुसिकोट दुई नगरपालिका र कालीगण्डकी, सत्यवती, चन्द्रकोट, रुरुक्षेत्र, छत्रकोट, गुल्मीदरबार, इस्मा, धुर्कोट, मदाने र मालिका स्थानीय प्रशासनिक संरचनामा बाँडिएको छ । जिल्लाको भौगोलिक संरचना पहाड, खोँच र बेसी मिलेर बनेको छ । यहाँका बासिन्दाको मुख्य पेसा आज पनि खेती किसानी नै रहेको पाइन्छ । यहाँ वनपाखा जाने, घाँसदाउरा गर्ने, ससाना खोला खहरेमा नुहाउने तथा पौडिने, रनवन घन्किने गरेर गीत गाउने प्रचलन रहेको पाइन्छ । दिनभर काम गरेपछि साँझमा केटाकेटी सुताउँदा, श्रम गर्दा विभिन्न दन्त्यकथा भन्ने, गाउँखाने कथाको खेल खेल्ने परम्परा पनि रहेको पाइन्छ । मानिसका दैनिक व्यवहारमा विभिन्न उखानको प्रयोग गरिएको पाइन्छ । जन्मदेखि नमर्दासम्मका विभिन्न संस्कारमा समेत लोकसाहित्यका रचनाको प्रयोग गर्ने चलन रहेको देखिन्छ । त्यसैले गुल्मी जिल्ला पनि लोकसाहित्यको उर्वर थलो बनेको पाइन्छ ।

पारिस्थितिक प्रणालीमा सजीव र निर्जीव विषयवस्तु एकआपसमा सम्बन्धित भएर रहेका हुन्छन् । शक्तिको रूपान्तरण र वासस्थानले पनि प्रणालीमा काम गरेका हुन्छन् । गुल्मीमा प्रचलित 'घरपैँचो' लोककथामा ज्योतिषले नयाँ घरको घरपैँचोको लागि मान्छेको बलि दिनुपर्ने बताएपछि राजाले आफ्नी नयाँ बुहारीलाई बलि दिने मनसाय राख्दछ । त्यो कुरा थाहा पाएर राजकुमार नववधुलाई लिएर घरबाट भागेको छ । उनीहरू भाग्दै जङ्गलमा पुग्दा राजकुमारकी श्रीमतीलाई भोक लाग्छ । ऊ भोकाएपछि राजकुमार खाना खोज्न जाँदा राक्षससँग लडाइँ हुन पुग्छ । राजकुमारले लडाइँमा राक्षसलाई पराजित गरी बन्धक बनाउँछ । त्यसपछि राजकुमार सपरिवार राक्षसकै घरमा बस्न थाल्दछ । राक्षसले बन्धक भए पनि राजकुमारकी श्रीमतीलाई वशमा पारेर राजकुमारलाई मार्दछ तर राजकुमारले पुनर्जीवन पाई आफ्नै श्रीमतीलाई मारेपछि घरको घरपैँचो भएको छ । यो लोककथामा राजा, राजकुमार र उसकी श्रीमती, हाँसुले बाँसुले दुई कुकुर, राक्षस, बाघ, माछा, माझी गरेर मानवीय र मानवेतर पात्र रहेका छन् । हालसम्म गुल्मी जिल्लामा प्रचलित लोककथाको पारिस्थितिक प्रणालीको आंशिक अध्ययन भए पनि पूर्ण अध्ययन नभएकाले अध्ययन यो क्षेत्रमा रिक्तता रहेको छ । अध्ययनले यस्तो रिक्तताको परिपूर्ति गरेको छ । गुल्मी जिल्लामा प्रचलित लोककथाको पारिस्थितिक प्रणाली बाहेक अन्यको अध्ययन नगर्नु यसको सीमा रहेको छ ।

## अध्ययन विधि

प्रस्तुत लेख गुल्मी जिल्लामा प्रचलित 'घरपैँचो' शीर्षकको लोककथामा आधारित रहेको छ । यो लोककथाको सङ्कलन गुल्मी जिल्लाको मालिका गाउँपालिका वार्ड नं. आठ निवासी एकहत्तर वर्षीय दमन्ता गिरिबाट वि. सं. २०८२ जेठ १७ गते वाचित रूपमा सङ्कलन गरिएको हो । सोद्देश्यपूर्ण नमुना छनोट विधिबाट सङ्कलित लोककथाको पर्यावरणीय समालोचनाको पारिस्थितिक प्रणालीसम्बन्धी सिद्धान्तका आधारमा विश्लेषण गरिएको छ । पारिस्थितिक प्रणालीका अन्तर्सम्बन्ध, शक्तिको रूपान्तरण र वासस्थानलाई लेखको अवधारणा बनाइएको छ । यो लेखको अध्ययन वर्णन, व्याख्या र विश्लेषण विधिको प्रयोग गरिएको छ । यो लेखको प्राथमिक सामग्री 'घरपैचोँ' लोककथामा रहेका पारिस्थितिक प्रणालीसम्बन्धी सूचक हुन् । यी सूचकको सङ्कलन वाचित लोककथालाई लिखित स्वरूपमा ढालेर त्यसको सूक्ष्म पठनबाट गरिएको छ । द्वितीय सामग्री पर्यावरणीय समालोचनाको पारिस्थितिक प्रणाली हो । यसको सङ्कलन पुस्तकालय कार्यका माध्यमबाट गरिएको छ । द्वितीयक सामग्रीका आधारमा वर्णन, व्याख्या र विश्लेषण गरेर निष्कर्षमा पुगिएको छ ।

प्रस्तुत लेखको शीर्षक 'घरपैँचो' लोककथामा पारिस्थितिक प्रणाली रहेको छ । पारिस्थितिक प्रणालीको अध्ययन पर्यावरणीय समालोचनामा गरिन्छ । पर्यावरणीय समालोचनाले साहित्यमा प्रतिविम्बित पर्यावरणको मूल्याङ्कन गर्दछ । यो "...साहित्य र भौतिक वातावरण बिचको सम्बन्धको अध्ययन हो । ...यसले साहित्यिक अध्ययनमा पृथ्वी केन्द्रित पद्धतिलाई अँगाल्छ" (ग्लटफेल्टी, सन्

१९९६, पृ.xviii)। पृथ्वीमा जैविक र अजैविक तत्त्व रहेका हुन्छन्। यस्ता तत्वहरूका बीचको सम्बन्धको अध्ययन यसले गर्दछ (गेरार्ड, सन् २००४, पृ.५) । कुनै पनि सम्बन्ध परस्परमा कायम हुन्छ। पर्यावरणमा हुने आन्तरिक मूल्यले नै एक आपसमा अन्तर्सम्बन्ध कायम गरेको हुन्छ (इस्लाम, सन् २०२४, पृ. ११०)। आन्तरिक मूल्यको मान्यता डिप इकोलोजीको एउटा कडी हो। यसले पारिस्थितिक प्रणाली के-कसरी सञ्चालित छ भन्नेमा ध्यान केन्द्रित गर्दछ (नेइस, सन् २००५, पृ. ४१) । पर्यावरणमा जैविक र अजैविक अन्तर्सम्बन्ध सन्तुलित भएर प्रणाली चलेको हुन्छ। पारिस्थितिक प्रणालीको निर्धारण अन्तर्सम्बन्धबाट हुन्छ (ज्ञवाली, २०८२, पृ. २५)। पारिस्थितिक प्रणालीका तत्त्वका बिचको अन्तर्सम्बन्ध शत्रु र मित्र दुई प्रकारको हुन्छ। यस्तो अन्तर्सम्बन्धमा न कुनै केन्द्रमा हुन्छन् न एक्लै नै हुन्छन् तर यी त सबै एक आपसमा जोडिएर सञ्चालित हुन्छन् (क्याम्पवेल, सन् १९९६, पृ. १२८) । यस्तो अन्तनिर्भरताले नै अन्तर्सम्बन्ध सिर्जना गर्दछ। पर्यावरणको मुख्य मान्यता नै "प्रत्येक वस्तु प्रत्येक अर्को वस्तुसँग जोडिएको हुन्छ" भन्ने रहेको छ (रुकर्ट, सन् १९९६, पृ. १०८)। पर्यावरणका हरेकको एक आपसको अन्तर्सम्बन्धले नै पर्यावरणीय व्यवस्था कायम गरेको हुन्छ । प्रकृतिको सन्तुलन, आत्मीयता, अन्तर्सम्बन्ध र विश्वासलाई प्रमाणित गर्ने काम पर्यावरणको हो (फिलिप्स, सन् २००३, पृ. खष्ष) । पर्यावरणीय अन्तर्सम्बन्ध बहुआयामिक हुन्छ । यहाँ हुने जैविक र अजैविकको आत्मीय अन्तर्सम्बन्धबाट पारिस्थितिक प्रणाली सन्तुलित बन्दछ (मिश्र, सन् २०१७, पृ. १६९) । पर्यावरणीय अन्तर्सम्बन्ध आत्मीय नहुँदा प्रणाली असन्तुलित हुन पुग्छ।

पर्यावरणीय अन्तर्सम्बन्ध निरन्तरको आन्तरिक जीवनप्रक्रिया हो (त्रिपाठी, २०७५, पृ. ७६)। यो चक्रीय प्रकृतिको रहेको हुन्छ। पारिस्थितिक प्रणालीमा "...विरुवा, किरा, माछा, भ्यागुता, सर्प आदि जीवले हावा, पानी, प्रकाश, माटो आदि निर्जीवसँग सम्बन्ध राखेर" जीवन निर्वाह गरेका हुन्छन् (एटम, २०६८, पृ. ३१४)। निर्जीव पनि सजीवसँग नै अन्तर्सम्बन्धित हुन्छन्। पारिस्थितिक प्रणालीको कार्य नै पर्यावरणीय तरङ्गहरूलाई एक आपसमा जोड्नु हो (हवथ, सन् १९९६, पृ. ७५)। पर्यावरणीय तरङ्गहरूको अन्तर्सम्बन्धबाट खाद्यचक्र तयार हुन्छ । पर्यावरणभित्र रहेको विध्वंशक तत्त्वले यस्तो अन्तर्सम्बन्धलाई पुनर्संरचित गर्दछ (इभरडेन, सन् १९९६, पृ. ९३) । त्यो विध्वंशक तत्त्व खानाले पर्यावरणमा उत्पादन पुनरुत्पादनको काम गरिरहन्छ। "कसले के खान्छ ? कुन तत्त्व खाइन्छ ? कसरी के नाश हुँदा के नाश हुन्छ ? भन्ने कुरा खानामा आउँछ" (भट्टराई,२०६४, पृ. २०६) । पर्यावरणीय अन्तर्सम्बन्धमा आउने एउटाले अर्कोलाई खाना बनाइरहन्छ । प्राणीले बाँच्नका लागि वनस्पतिलाई खाना बनाउँछन् भने वनस्पतिले पनि पानी र हावाजस्ता कुरालाई खाना बनाएको हुन्छ (श्रेष्ठ, २०८२, पृ. २३) । यस्तो गतिविधि जैविक र अजैविकका बिचमा चलिरहन्छ । "प्रकाश र हावाबाट बिरुवाले खाना बनाउँछन्,...बिरुवालाई माछा, भ्यागुताले खान्छन् भने तिनलाई चाहिँ सर्पले । मरेका जीवलाई सूक्ष्म जीवले कुहाउँछन् अनि माटो मलिलो बन्छ र बिरुवाहरू सप्रन्छन्" (एटम, २०६८, पृ. ३१५)। खाना भनेको कुनै पनि कुराको शक्ति हो। पर्यावरणमा शक्तिको नाश हुँदैन। त्यो रूपान्तरण भइरहेको हुन्छ (रुकर्ट, सन् १९९६, पृ. १०८) । खानाका माध्यमबाट एउटामा भएको शक्ति अर्कोमा पुग्दछ । पर्यावरणीय समालोचनाले पारिस्थितिक प्रणालीभित्र कुनै पनि जीव र ऊ बस्ने भौतिक अवस्थाको पनि खोजी गर्दछ (रेग्मी, २०६९, पृ. ४५)। जीव र भौतिक अवस्थाको अन्तर्क्रियाबाट नै वासस्थान तय भएको हुन्छ।

वासस्थान भनेको वातावरणको त्यस्तो अवस्था हो, जहाँ जीव अस्तित्वशील हुन्छ, उसको खानामा पहुँच हुन्छ, उसका लागि ओत लाग्ने ठाउँ हुन्छ र अन्य जीवसँग अन्तर्क्रिया गर्न सक्ने अवस्था रहेको हुन्छ (मेसेलट्रफ र अन्य, सन् २०२५, पृ. ११८५)। पर्यावरणमा अनेक ससाना वासस्थान रहेका हुन्छन्। एउटै वासस्थानभित्र पनि एउटै प्रजातिका जीव अटाउन सक्दैनन्। त्यसैले ती फरकफरक वासस्थानतर्फ लाग्दछन्। "सबै मानिस एउटै जातिका भए पनि हाम्रै नेपालीहरू कोही तराईमा, कोही पहाडमा र कोही हिमालमा बस्छन्। तिनका वासस्थान बेग्लै छन्, परिवेश बेग्लै र पारिस्थितिक प्रणाली पनि बेग्लै हुन्छन्" (श्रेष्ठ, २०८०, पृ. १८६)। वासस्थान भनेको अनुकूल भौतिक अवस्था हो। "पर्याप्त खाना, सुरक्षित बास, सहनीय ताप, प्रतिष्पर्धात्मक क्षमता आदिका आधारमा नै कुनै जीवको अस्तित्व रहने र नष्ट हुने गर्छ" (एटम, २०६८, पृ. ३१५)। वासस्थानमा नै जैविक र अजैविक तत्त्वले अस्तित्वका

लागि सङ्घर्ष गर्दछन् । अस्तित्वका लागि हरेक विषयवस्तु आफै परिभाषित भई शारीरिक, मानसिक र आध्यात्मिक रूपमा जीव तथा निर्जीवसँग अन्तर्क्रिया गर्न सक्नुपर्दछ (म्याकडुवेल, सन् १९९६, पृ. ३७५) । कुनै पनि तत्त्व आफै परिभाषित हुन सकेन भने त्यसको अस्तित्व रहँदैन । वासस्थानमा पर्यावरणीय तत्वले आफूलाई चाहिने खाना, आवास, जलवायु, तापक्रम तथा प्रतिष्पर्धी आदि पाउँछ ( भट्टराई, २०६४, पृ. २०६) । यी कुरा नभेटाए कि त्यो वासस्थान छाडिन्छ कि त पर्यावरणीय तत्त्व नष्ट भएर जान्छ । प्राचीन समयमा शीतोष्ण र उष्णप्रदेशीय क्षेत्रमा बस्ने जीवहरूको खाना शाकाहारी थियो भने उत्तरी ध्रुवमा बस्नेहरूको खाना मासांहारी रहेको थियो (गुइन, सन् १९६६, पृ. १४९) । वासस्थानले पनि जीवको खानामा फरकपन ल्याउँदछ । पारिस्थितिक प्रणालीका अन्तर्सम्बन्ध, शक्तिको रूपान्तरण र वासस्थानलाई यो लेखमा विश्लेषणको आधार बनाइएको छ । यिनै आधारमा प्रस्तुत लेखमा ‘घरपैँचो’ लोककथाको पारिस्थितिक प्रणालीको विश्लेषण गरिएको छ ।

## प्राप्ति र छलफल

गुल्मी जिल्लामा प्रचलित ‘घरपैँचो’ लोककथामा मानव र मानवेतर जीवका बिचमा शत्रु र मित्रको अन्तर्सम्बन्ध रहेको पाइन्छ । भौतिक पक्ष पृथ्वी, तेज, जल, वायु र आकाश जीवसँग अन्तर्सम्बन्धित रहेका छन् । लोककथामा राजा, राजकुमार, हाँसुले बाँसुले कुकुर आपसमा मित्र रहेका छन् भने राक्षस र राजकुमारकी श्रीमती पनि आपसी मित्रवत् सम्बन्धमा गाँसिएको पाइन्छ । लोककथामा बाघ, बघिनी, माछा र माझी पनि अन्तर्सम्बन्धमै रहेको पाइन्छ । यो लोककथामा अन्तर्सम्बन्धको एउटा पक्षमा राजा, राजकुमार, हाँसुले बाँसुले कुकुर रहेका छन् अर्को पक्षमा राक्षस र राजकुमारीकी श्रीमती रहेका छन् । यी दुई पक्षका बिचमा भने आपसमा शत्रुता रहेको छ । यो शत्रुतापूर्ण सम्बन्धमा राजकुमारको पक्षले राक्षसको पक्षलाई पराजित गरेको पाइन्छ । दुई पक्षको सङ्घर्षमा भौतिक पक्ष तटस्थ रहेको पाइन्छ । राजकुमार र राक्षस बिचको अन्तर्सम्बन्धमा राजकुमारकी श्रीमती मारिएकी छ भने राक्षस बन्दी बन्न पुगेको छ । यसरी लोककथाका हरेक पात्र शत्रु र मित्रवत् अन्तर्सम्बन्धमा रहेको पाइन्छ । यही अन्तर्सम्बन्धले लोककथाको पारिस्थितिक प्रणाली सन्तुलित बनेको छ ।

लोककथाको खाद्यचक्र भौतिक र जैविक अन्तर्सम्बन्धबाट निर्माण भएको छ । मान्छे, कुकुर र राक्षस पात्र प्रयोग भएकाले यिनीहरूको शक्तिको स्रोत वनस्पति तथा जीव रहेका छन् । लोककथामा राजकुमारकी श्रीमती पर्यावरणीय खाना बनेकी छ । उसको मासु कुकुरले पनि खाएका छैनन् तर त्यो कुहिएर मलमा परिणत भई माटो बनेको पाइन्छ । ससाना टुक्रा बनाएर काटेकाले ऊ मलमा पनि छिटो परिणत भएको देखिन्छ । उसको शक्ति मलबाट माटोमा, माटोबाट वनस्पतिमा रूपान्तरण भएको छ । वनस्पतिबाट पुनः अन्नमार्फत मान्छे तथा अन्य जीवमा नै त्यो शक्ति आइपुगेको देखिन्छ । त्यसैले लोककथामा खानाको चक्र पनि मान्छेबाट सुरु भएर पुनः मान्छेमा नै आइपुगेको देखिन्छ । यसरी राजकुमारकी श्रीमतीको शक्तिको रूपान्तरण भएपछि राजाको घर पनि बस्नका लागि योग्य भएको छ ।

लोककथामा राजा, राजकुमार, हाँसुले बाँसुले कुकुर, राजकुमारकी श्रीमती, राक्षस, बाघ, माछाजस्ता मानवीय र मानवेतर पात्र आएका छन् । ती सबैको वासस्थान घर रहेको छ । राजकुमारीकी श्रीमतीका लागि राजकुमारको घर बस्नका लागि योग्य थिएन । उसका लागि राक्षस बसेको घर पनि योग्य थिएन । राजकुमारकी श्रीमती प्रतिकूल घरमा बसेकाले मारिनु परेको छ । राक्षस पनि आफ्नो घरमा नबसेर मान्छेका घरमा बसेकाले बन्दी हुनु परेको छ । राजा, राजकुमार र कुकुर राजकुमारकी श्रीमती मारिएपछि आफ्नै घरमा बस्न पाएका छन् ।

विश्लेष्य लोककथाको पारिस्थितिक प्रणाली राजकुमारकी श्रीमती र राक्षस मिलेर भत्काउन खोजे पनि राजकुमारकी श्रीमती मारिएपछि सन्तुलित बन्न पुगेको छ । यो लोककथाका बारेमा गरिएको छलफल तलका विभिन्न उपशीर्षकमा प्रस्तुत छ :

### १.'घरपैँचो' लोककथामा अन्तर्सम्बन्ध

'घरपैँचो' शीर्षकको लोककथामा मानव, मानवेतर र भौतिक जगत्का बिचमा आपसी अन्तर्सम्बन्ध रहेको पाइन्छ। अन्तर्सम्बन्ध घरपैँचोको प्रसङ्गबाट सुरु भएको छ। भौतिक वस्तु घरबाट सुरु भएको सम्बन्ध राजा, ज्योतिष, राजकुमार, नवविवाहित बुहारी, हाँसुले बाँसुले कुकुर, राक्षस, बाघ, बघिनी, पानी, माछा, माझी, हुँदै पुनः घरमा नै आएर पूर्ण भएको छ। यी प्रत्येक जीव र भौतिक वस्तु एक आपसमा अन्तर्सम्बन्धित रहेका छन् । 'घरपैँचो' लोककथाको कथानकअनुसार राजाले आफूहरू बस्नका लागि एउटा नयाँ घर बनाएको छ। यसरी राजपरिवारको भौतिक जगत्सँगको अन्तर्सम्बन्ध घरबाट सुरु भएको छ। घर राजा र उसको परिवारलाई खाना, छाना र नाना दिने ठाउँ हो। मानवेतर कुकुर पनि घरमा नै बसेकाले कुकुरको पनि भौतिकतासँग अन्तर्सम्बन्ध रहेको छ। कुकुरको सम्बन्ध राजपरिवारसँग जोडिएकाले मानवसँग पनि अन्तर्सम्बन्ध रहेको छ। राजा नयाँ घरभित्र पस्नका लागि ज्योतिष हेराउन गएकाले उसको सम्बन्ध अन्य मानवसँग पनि जोडिन पुगेको छ। ज्योतिषीले नयाँ घरमा सर्नका लागि मान्छेको बलि दिनुपर्ने बताएर मानव-मानव बिचमा हुने द्वन्द्वको द्वार खोलिदिएको छ। ज्योतिषको कथनले गर्दा राजाले आफ्नै घरका छोराबुहारीलाई शत्रु बनाउनु परेको छ। मानवको भोग दिनु परेकाले राजाले पारिवारिक सम्बन्धलाई पुनर्मूल्याङ्कन गर्नु परेको हो । आपसी सम्बन्ध पुनर्मूल्याङ्कन गर्दा राजाको सबैभन्दा कमजोर सम्बन्ध नयाँ बुहारीसँग रहेको पाइन्छ । बुहारीसँग कमजोर सम्बन्ध भएकाले नै राजा उसलाई नै भोग दिने निष्कर्षमा पुगेको हो । आफ्नी श्रीमतीलाई भोग दिने कुरा थाहा पाएपछि राजकुमार पनि राजाको शत्रु बन्न पुगेको छ । यो कुराको वर्णन लोककथामा निम्न लिखित प्रकारले उल्लेख गरिएको छ :

राजा नयाँ बुआरीलाई बलि दिने निष्कर्षमा पुगेच। ऊ घर आइ चारपाईमा बसी बुआरीलाई कसरी बलि दिने भनेर सोच्न थालो। यो कुरा राजाको छोराले चाल पाएच। राजाको छोरासँग पशुवाक्य र अरूका कुरा जान्ने खुबी थ्यो। त्यसैले राजकुमारले श्रीमतीलाई भन्च, 'आज तँलाई बाले बलि दिँदै हुनुहुन्च। बाँच्ने मन छ भने यो घर छाडेर भागौँ।' त्यसपछि त्यो घरबाट हाँसुली बाँसुली कुकुर र राजकुमारका दुई जना घर छाडेर हिँडेचन्। (गिरी, २०८२)

प्रस्तुत दृष्टान्तले राजा र बुहारी बिचको द्वन्द्वात्मक सम्बन्धलाई चित्रण गरेको छ। बुहारीलाई बलि दिने निधो गरेर राजाले आफ्नो घरसँगको सम्बन्धलाई सुमधुर बनाउने प्रयास गरेको छ। उसको सम्बन्ध घरबाट वनस्पतिसम्म बिस्तार भएको छ। ऊ खाटमा बसेर बलि दिने कुरा सोचेको छ। खाट वनस्पतिबाट बनेको वस्तु हो। यो लोककथाका मानव र मानवेतर पशु सबै जीव भएकाले उनीहरू सबैको सम्बन्ध वनस्पतिसँग रहेको देखिन्छ। जीवले वनस्पतिबाट श्वासप्रश्वासका लागि अक्सिजन लिएका छन् भने कार्बन डाइ अक्साइड वनस्पतिलाई दिएका छन्। यिनीहरू सबै जीव भएकाले वनस्पतिबाट उत्पादित अन्न खान्छन्। त्यसैले वृक्ष वनस्पतिसँग पनि राजा र अन्य जीवको सम्बन्ध रहेको छ। यो सम्बन्ध बहुआयामिक रहेको छ। राजकुमारको मानव र मानवेतर दुवैसँग सुमधुर सम्बन्ध रहेको छ। उसले अरू मान्छेका मनका कुरा पनि बुझ्न सक्दछ भने पशुवाक्य पनि बुझ्ने क्षमता राख्दथ्यो। आफ्नो बाबुको मनको कुरा बुझेकाले नै ऊ श्रीमती लिएर घरबाट भागेको छ। उनीहरूलाई घरबाट भाग्दा हाँसुले बाँसुले कुकुरले पनि साथ दिएका छन्। राजकुमारले कुकुरसँग पनि मनोसंवाद गरेकाले दुई ककुरले राजकुमार दम्पतीलाई साथ दिएर राजाको घर छाडेको देखिन्छ। मानव र मानवेतर दुवै प्राणीले घर छाडे पनि ती सबैको सम्बन्ध भौतिकतासँग भने रहेको छ। उनीहरूलाई भौतिक वस्तु बाटोघाटो र रूख बिरुवाले साथ दिएका छन्। भौतिक वस्तुको साथ नपाएका भए उनीहरू घरबाट भाग्न सफल हुने थिएनन्। भौतिकताको र जीवको सम्बन्ध भने प्रायः तटस्थ रहेको छ। सुरुमा राजा र ज्योतिष द्वन्द्वको एउटा पक्ष रहेका छन् भने राजकुमार, उसकी श्रीमती, हाँसुले बासुले कुकुर अर्को पक्ष रहेका छन्। राजकुमार र उसकी श्रीमतीले घर छाडेर जङ्गलको बाटो हिँड्दा हावा र पानी भेटाएका भए पनि तिनीहरूले अन्न पाएका छैनन्। अन्न भेटाउन नसकेकाले राजकुमारकी श्रीमती भोकाएकी छ। जङ्गलमा मान्छे र खाद्य वनस्पति बिचको अन्तर्सम्बन्धको कमीले गर्दा अन्न उत्पादन नभएको हो। खानाको अभावमा शक्ति क्षीण भएर ऊ हिँड्न पनि सकेकी छैन।

त्यसैले राजकुमारले आफ्ना हाँसुले बाँसुले कुकुरको जिम्मामा श्रीमतीलाई छाडेर खानेकुरा खोज्न हिँडेको छ । ऊ खानेकुरा खोज्दै धेरै टाढा पुग्दा राक्षससँग भेट भएको छ । राक्षसले राजकुमारलाई खाने कोसिस गरेको छ । राक्षस मासांहारी भएकाले उसले राजकुमारलाई खाना खोजेको हो । राक्षस र राजकुमारका बिचमा लडाइँ हुन पुगेको छ ।उनीहरूका बिचमा शत्रुता सिर्जना भएको छ । राजकुमार धेरै दिनदेखिको थकाइ, भोक र यात्राले गर्दा राक्षससँग पराजित हुने अवस्थामा पुगेको देखिन्छ । उसले आफू पराजित हुने अवस्थामा पुगेपछि आफ्ना हाँसुले बाँसुले कुकुरलाई सम्झेको छ । उसले सम्झने बित्तिकै ती कुकुर सहयोग गर्न आइपुगेका छन् । दुई कुकुर तथा राजकुमार एक पक्ष र राक्षस अर्को पक्ष हुँदा राक्षसले हार्न पुगेको छ । राजकुमार, उसकी श्रीमती र कुकुर राक्षसलाई पराजय गरेर उसकै घरमा बस्न थालेका छन् भने राक्षसलाई एउटा कोठामा बन्धक बनाएका छन् । यो घटनाबाट एकातिर उनीहरूको अन्तर्सम्बन्ध राक्षससम्म बिस्तार भएको छ भने अर्कोतिर उनीहरूको घरसँग पनि सम्बन्ध विस्तारित भएको छ । त्यो घरमा बसे पनि राजकुमारले आफ्नी श्रीमतीलाई राक्षस बन्धक बनाएको कुरा बताएको छैन । त्यो जानकारी नदिनुले राजकुमार र उसकी श्रीमतीको बिचको सम्बन्ध बाहिर देखिए झैं सुमधुर न रहेको कुरा प्रष्ट हुन्छ ।

राजकुमारकी श्रीमतीले राजकुमारबाट खुसुक्क कोठाको साँचो चोरेर राक्षससँग सम्बन्ध गाँसेकी छ । श्रीमान्‌सँगको असन्तुष्टि उसले राक्षससँग सुमधुर अन्तर्सम्बन्ध कायम गरेर पूरा गर्ने प्रयास गरेकी छ । यस्तो अन्तर्सम्बन्ध कायम गरिदिने काम राक्षसको घरले गरेको छ । यस्तो अवस्थामा राक्षसको घर राजकुमारका लागि प्रतिकूल बन्ने खतरा रहेको देखिन्छ । त्यहाँको भौतिक वातावरणले राक्षसलाई नै साथ दिने सम्भावना बढी रहेको छ । राक्षसले राजकुमारसँगको रिसको बदला राजकुमारकी श्रीमतीबाट लिने अवसर पाएको छ । आफ्नै अगाडि आइपुगेकी राजकुमारकी श्रीमतीसँग सुमधुर सम्बन्ध स्थापित गर्दै उसले राजकुमारलाई दुःख दिन थालेको छ । त्यही बहानाबमोजिम उसले आफ्नो श्रीमान्‌लाई बघिनीको दुध लिन पठाएकी छ । बघिनीको दुध खोज्न हिँडेपछि राजकुमारको सम्बन्ध मानवेतर बाघबघिनीसँग गाँसिन पुगेको छ । राजकुमारले श्रीमती आफूबाट टाढा भएको थाहा पाए पनि सम्बन्ध बचाउने आशाले बघिनीलाई वशमा पारेर दुध लिएर आएको छ ।

राजकुमारसँगको शत्रुतापूर्ण सम्बन्धमा हार्न पुगेकाले बाघबघिनीले दुध दिएका छन् । राजकुमारले दुध लिएर आएपछि श्रीमतीले फेरि रहबाट माछा ल्याउन भनेकी छ । मानवेतर पशुप्राणीसँग शत्रुता र मित्रता दुवै खालको सम्बन्ध राख्न सक्षम राजकुमारले रहबाट पनि सजिलै माछा पनि ल्याएको छ । उसको सम्बन्ध मानवेतर पशु बाघ, माछा हुँदै भौतिक वस्तु पानीसँग पनि विकास भएको छ । उसका लागि पशु र भौतिक वस्तु दुवै अनुकूल रहेका छन् । राक्षस र राजकुमारकी श्रीमतीले कठिन काम लगाएर राजकुमारलाई मार्न नसकेपछि निदाएको बेला झुक्काएर बाँधी उसलाई काट्न लागेका छन् । यो कुरा थाहा पाएपछि राजकुमारले श्रीमतीलाई आफूलाई मारेर पोको पारी रहमा फालिदिन आग्रह गरेको छ । उसकी श्रीमतीले श्रीमान्‌ले भनेबमोजिम नै गरेकी छ । राजकुमारले रहमा पुगेपछि पानीसँग सम्बन्ध राखेर फलमा परिणत हुने सफलता पाएको छ । त्यो फल माझीका हातमा पुगेको छ । माझीले फल काट्दा राजकुमारले पुनर्जीवन पाएको छ । राजकुमारलाई पुनर्जीवन दिने काम माझीले गरेको छ । राजकुमारले आफू पुनर्जीवित भएपछि आफूलाई मार्ने श्रीमतीलाई बाँधेर टुक्राटुक्रा पारी काटेर मारेको छ । अन्ततः राजकुमार र उसकी श्रीमतीका शत्रु बनेका छन् । राजकुमारले आफ्नी श्रीमतीलाई मारेपछि उसको घरको घरपैँचो पनि भएको छ । राजकुमारले श्रीमतीलाई मारेर भौतिक तत्त्वलाई पनि सन्तुष्ट पारेको छ । यसरी राजकुमारकी श्रीमती र राक्षस लोकककथाका अन्यको शत्रु बनेका छन् ।

'घरपैँचो' शीर्षकको लोककथामा भौतिक वस्तुहरू घर, खाट, बाटो, हावा र पानी, मानवेतर प्राणी राक्षस, कुकुर, बाघ र माछा तथा मानवीय प्राणी राजा, राजकुमार, उसकी श्रीमती र माझी एक आपसमा अन्तर्सम्बन्धित रहेका छन् । घरपैँचोबाट सुरु भएको लोककथाको कथानक घरपैँचोकै सन्दर्भमा पुगेर हुँदा राजकुमारकी श्रीमती मारिएकी छ । पारिस्थितिक प्रणाली भत्काउन खोज्ने राजकुमारकी श्रीमती र राक्षस दण्डित भएपछि लोककथाको पारिस्थितिक प्रणाली सन्तुलित बन्न पुगेको छ ।

## २. 'घरपैँचो' लोककथामा शक्तिको रूपान्तरण

'घरपैँचो' शीर्षकको लोककथामा राजकुमारकी श्रीमतीको शक्तिको रूपान्तरण घरमा भएको छ। राजाले सुरुमै बुहारीको शक्ति घरमा रूपान्तरण गराएर सन्निकट सङ्कट टार्न खोज्दा राजकुमारले रोकेको थियो । पछि श्रीमतीले राक्षससँग मिलेर राजकुमारकै शक्तिको रूपान्तरण गराउन खोजेपछि बल्ल राजकुमारको होस खुलेको छ। त्यसपछि उसले श्रीमतीको शक्ति रूपान्तरण गराएर सङ्कटलाई टारेको छ। लोककथामा प्रत्यक्ष रूपमा शक्तिको रूपान्तरण राजकुमारकी श्रीमतीको भएको पाइन्छ। लोककथामा राजा, राजकुमार, राजकुमारकी श्रीमती अर्थात् बुहारी, हाँसुले बाँसुले कुकुर, राक्षस, बाघ बघिनीजस्ता मानवीय र मानवेतर पात्र आएका छन्। यी सबै जीव भएकाले यिनले अन्न र मासुबाट आफूहरूमा शक्तिको रूपान्तरण गराएका छन् । शक्ति रूपान्तरण सम्बन्धी निम्न लिखित दृष्टान्तले थप कुरा बताएको छ :

छोराको बेहा गरेपछि राजाले नयाँ घर बनाएच। अनि ऊ ज्योतिषकाँ घरको घडेरी हेराउन गएच। ज्योतिषले त त्यो घरमा एकजना कसैको बलि दिनुपर्च भनेच। त्यो घरमा मान्छेको खुन पारे मात्रै तब राम्रो हुन्च भन्ने सल्लाह ज्योतिषले दिएच। राजालाई चिन्ता परेच। अब घरका कल्लाई बलि दिने ? घरमा राजारानी र उस्का छोराबुहारी गरी चार जना थे। बुढीलाई काटे जीवनको के अर्थ रह्यो र ? आफू काटिने हो भने यो राज्य किन चाहियो ? राजा नयाँ बुआरीलाई बलि दिने निष्कर्षमा पुगेच। (गिरी, २०८२)

यो दृष्टान्तअनुसार ज्योतिषले घरका लागि मान्छेकै शक्तिको हस्तान्तरण हुनुपर्ने राय दिएको छ। राजालाई घरमा मान्छको शक्तिको रूपान्तरण गराउनु पर्ने कुराले चिन्ता परेको छ। ऊ घरमा कसलाई बलि दिने भनेर बिलखबन्दमा परेको छ। अन्तिमा राजा बुहारीलाई बलि दिने निधोमा पुगेको छ । मान्छेको शक्तिको हस्तान्तरण वा रूपान्तरण घरमा नभइकन त्यो घर बस्न लायक बनेको थिएन। नयाँ घर भएकाले त्यसले शक्ति खोजेको देखिन्छ। त्यो घरमा आश्रितहरू सबै भोका भएकाले भोगको आवश्यकता रहेको थियो । त्यसैले बुहारीको शक्तिको रूपान्तरण गराएर सबै भोक मेटाउने प्रयत्न राजाको रहेको थियो ।

राजकुमारले आफ्नो बाबुले आफ्नी श्रीमतीको भोग दिएर शक्तिको रूपान्तरण गर्न लागेको कुरा थाहा पाएको छ। त्यसपछि ऊ श्रीमतीलाई बचाउनका लागि कुकुरसहित घरबाट भागेको छ। उसका साथमा गएका कुकुर जवान भएकाले आफैमा असाध्यै शक्तिशाली पनि रहेका थिए । ती मासांहारी जीव भएकाले मासुबाट शक्तिको आर्जन गर्दथे। अन्नबाट भन्दा मासुबाट बढी शक्ति प्राप्त हुने हुँदा ती कुकुर मान्छेभन्दा बलिया रहेका थिए। त्यसैले जङ्गलमा अन्य जनावरबाट हुने आक्रमणबाट ती कुकुरले राजकुमार र उसकी श्रीमतीलाई बचाएका छन्। राजकुमारकी श्रीमती जङ्गलको बाटो धेरै हिँड्नु परेकाले भोकाएकी छ। ऊ हिँड्दाहिँड्दा उसको शक्ति ह्रास भएको छ। शक्ति ह्रास भएकाले नै उसलाई केही न केही खानेकुराबाट शक्तिको आर्जन गर्नु परेको छ। राजकुमार श्रीमतीलाई कुकुरका साथ छाडेर एक्लै खानेकुरा खोज्नका लागि निस्किएको छ। ऊ जङ्गलबाट धेरै टाढा राक्षसको घरमा पुगेको छ। राक्षस मांसाहारी भएकाले उसले राजकुमारलाई खान खोजेको छ। उनीहरूका बीचमा शक्तिको सङ्घर्ष भएको छ। त्यो शक्ति सङ्घर्षमा राजकुमार पराजित हुने अवस्था सिर्जना भएपछि उसले आफ्ना कुकुरलाई बोलाएको छ।

राजकुमारलाई दुई कुकुरले साथ दिएपछि राक्षसलाई कैद गर्न सफल भएको छ। राजकुमार राक्षसलाई कैद गरिसकेपछि श्रीमतीसहित राक्षसकै घरमा बस्न थालेको छ। राक्षसको घरमा बसे पनि राजकुमारले उसलाई एउटा कोठामा कैद गरेको कुरा श्रीमतीलाई भने बताएको छैन। राजकुमारलाई राक्षस फुत्कियो भने उसले श्रीमती वा कुकुरलाई खाई शक्ति आर्जन गर्ला भन्ने डर रहेको थियो। त्यसैले राक्षसलाई कोठामा थुनेर शक्तिविहीन बनाइ मार्ने विकल्प उसले रोजेको छ। अर्कोतिर राक्षसले भने आफ्नो शक्तिको वचाबटका लागि राजकुमारकी श्रीमतीलाई प्रयोग गरेको छ। राजकुमारकी श्रीमती श्रीमान्‌बाट कोठाको चाबी झुक्याएर फुत्काइ रहस्य पत्ता लगाउन खोज्दा राक्षसको फन्दामा परेकी छ । राक्षसले राजकुमारकी श्रीमतीलाई धम्काएर र फकाएर आफ्नो पक्षमा पारेको छ । राक्षसले

राजकुमारलाई श्रीमतीका माध्यमबाट सिकार बनाउन सफल भएको छ। उसमा मान्छेको मासु खाएर शक्ति आर्जन गर्ने तिर्सना मरेको छैन । राक्षस त राजकुमारको शक्तिको रूपान्तरण आफूमा गराएर अझ शक्तिशाली बन्न खोजेको थियो । राजकुमारलाई मार्नका लागि राक्षसले राजकुमारकै श्रीमतीलाई अनेक तरिकाले प्रयोग गरेको छ । उसले कहिले राजकुमारलाई बघिनीको दुध लिन पठाएर मार्न खोजेको छ त कहिले पोखरीमा माछा खोज्न पठाएर मार्न खोजेको छ । बाघ पनि मासांहारी जीव भएकाले बघिनीको दुध ल्याउँदा ऊ मारिन सक्दथ्यो भने राक्षसलाई थाहा थियो । आफूले मार्न नसकेकाले उसले बाघमार्फत राजकुमारको शक्तिको रूपान्तरण गराउन खोजेको थियो। त्यसमा सफल न भएपछि रहका माछा खोज्न लगाएर मार्न खोजेको छ। राक्षसले राजकुमारलाई मारेपछि आफू त्यसै पनि बलियो हुने कुरा बुझेको थियो । उसले कुकुरको डरका कारण राजकुमारलाई मारेर मासु खान सकेको थिएन । त्यसैले राक्षसले राजकुमारकी श्रीमतीलाई कर, छल, बलले छक्काएर प्रयोग गरेर राजकुमारलाई मारेको छ । राजकुमारलाई मारेर उसलाई पोखरीमा फालेर राक्षसले उसको शक्ति भौतिक तत्त्वमा मिलाउन खोजेको छ। अर्कोतिर राजकुमारले अरूका मनका कुरा र पशुवाक्य बुझ्ने सक्ने खुबीले गर्दा राक्षसको मनसाय बुझेको थियो । त्यसैले राक्षसको पन्जामा परेकी श्रीमतीलाई राजकुमारले आफूलाई काटेर मारेपछि मासु पातमा राखेर पोखरीमा फालिदिन आग्रह गरेको थियो । त्यसो गरेर राजकुमारले पोखरीबाट शक्ति आर्जन गरेर पुर्नजन्म पाउनका लागि श्रीमतीलाई त्यो काम गर्न लगाएको थियो । आफ्नै जुक्तिबुद्धिले राजकुमारले आफ्नो शक्ति बचाएको छ । राजकुमारले मर्ने बेलामा पनि आफ्नो शक्ति संरक्षणको प्रयास गरेको देखिन्छ। आफ्नै शक्तिका कारण राजकुमार पोखरीको एउटा फलमा परिणत भएको छ । माझीले अमिलो जस्तै फल भेटाएर काट्दा राजकुमार पुनर्जीवन पाई बाहिर निस्किएको छ। आफ्नो पुर्नजन्मपछि उसले श्रीमतीलाई काटेर त्यो शक्ति राजाले बनाएको घरमा रूपान्तरण गराइदिएको छ । राजकुमारलाई मार्दा पनि राक्षस र उसकी श्रीमतीले शक्तिको रूपान्तरण घरमा गर्न सकेका थिएनन् । उनीहरूले शक्तिको रूपान्तरण गराउन नसकेकाले नै राजकुमारले पुनर्जन्म पाएको छ । उसले पुनर्जन्मपछि आफ्नी श्रीमतीलाई मारेर शक्तिको रूपान्तरण घरमा गराएको छ । राक्षस बसेको घरमा पनि शक्तिको रूपान्तरण नभएकाले अशान्ति रहेको थियो भने राजकुमारको घरले पनि मान्छेको भोग मागेको थियो । राजकुमारले मान्छेको भोग खान खोज्ने घरमाथि श्रीमतीको शक्तिको रूपान्तरण गराएको छ । घर भनेको माटो ढुङ्गा भएकाले त्यस्तो भोग अन्ततः जीवमा नै आएको देखिन्छ ।

यो लोककथामा घरकी बुहारीलाई भोग दिएको पाइन्छ। उसको भोगपछि नै राजाको घरको घरपैँचो भएको छ । राजाका बाबुछोराले पनि उसको भोग दिएर शान्ति पाएका छन् । राजकुमारकी श्रीमतीको शक्तिको रूपान्तरण घर र अन्य जीवमा भएपछि नै लोककथाको पारिस्थितिक प्रणाली सन्तुलित बन्न पुगेको छ ।

## ३. 'घरपैँचो' लोककथामा वासस्थान

'घरपैँचो' लोककथामा राजा, राजकुमार, राजकुमारकी श्रीमती, हाँसुले बाँसुले कुकुर, बाघ, बघिनी, माछा, राक्षसजस्ता पात्र आएका छन्। यिनीहरू सबै मानव र मानवेतर जीव भएकाले स्थानीय पारिस्थतिक प्रणाली जस्तै थल र जल नै वासस्थान बनेको देखिन्छ । यिनीहरू सबै आआफ्नो वासस्थानमा रहेर नै स्थानगत अस्तित्व कायम राखेका छन् ।

लोककथाका राजा, राजकुमार र उसकी श्रीमती तथा हाँसुले बाँसुले कुकुर राजाको दरबारमा बसेका छन् भने राक्षस पनि जङ्गलको आफ्नै घरमा बसेको छ । बाघ बघिनीको बसोबास स्थल घनघोर जङ्गल रहेको छ भने माछाको बसोबास स्थल पानी रहेको छ । लोककथाअनुसार राजाले आफू र आफ्नो परिवार बस्नका लागि नयाँ घर बनाएको छ। राजाको नयाँ घर भनेको दरबार हो । दरबार ठूलो क्षेत्रमा फैलिएर रहेको हुन्छ भने देख्दा पनि आकर्षक रहेको हुन्छ। त्यसको वरिपरि बगैँचा पनि रहेको हुन्छ। बगैँचामा ससाना फलफूलका बोटदेखि ठुलाठुला बोट पनि रहेका हुन्छन्। ती बोट विरुवाको लागि मलजलको आवश्यकता पर्दछ। राजा घर बनाइ सकेपछि घरपैँचोका विषयमा बुझ्न

ज्योतिषको घरमा पुगेको छ । ज्योतिष सामान्य मानिस भएकाले ऊ बस्ने घर सामान्य प्रकारको रहेको बुझ्न सकिन्छ । उसले राजालाई नयाँ घरमा मान्छेको रगत चढाउनुपर्ने निर्णय सुनाइदिएको छ । ज्योतिषीले कुनै पनि घर निर्माण गर्दा रगतको भोग दिने आम प्रचलनअनुसार नै निर्णय दिएको पाइन्छ । राजाले ज्योतिषीको सल्लाहलाई मानेर नयाँ बुहारीलाई बलि दिने निधो गर्दा राजकुमारकी श्रीमती घरबारविहीन हुन पुगेकी छ । सुरुमा राजाको मनको कुरा उसको छोराले थाहा पाएका कारण निर्णय कार्यान्वयन हुन सकेको छैन । राजकुमार त आफ्नी श्रीमती लिएर घरबाट भागेको छ । राजकुमारकी श्रीमतीका लागि राजाको घरको वासस्थान उपयुक्त रहेको थिएन । त्यसैले राजकुमार आफ्नो दरबार त्याग्न पुगी सुरक्षित वासस्थानको बन्दोबस्त गर्ने प्रयासमा घरबाट भागेको छ । ऊ भाग्दा उसकै घरमा बसोबास गर्ने हाँसुले बाँसुले कुकुर पनि उसकै साथमा भागेका छन् । उनीहरू पनि दरबारमा असुरक्षा देखेर नै भागेको देखिन्छ । दरबारबाट भाग्ने क्रममा उनीहरू जङ्गलमा बस्नु परेको छ । मान्छेका लागि जङ्गल सुरक्षित वासस्थल नभएकाले राजकुमारले कुनै घरको खोजी गरिरहेको छ । राजकुमारकी श्रीमती भोकले अतालिनुको कारण पनि जङ्गलको वास भएकाले हो । ऊ उचित वासस्थानमा रहेकी भए नाना र खाना दुवै उपलब्ध हुन्थ्यो । राजकुमार खाना खोज्दै राक्षसको घरमा पुगेको कुराको वर्णन लोककथाको तलको अंशमा यसप्रकारले गरिएको छ :

जाँदाजाँदै पहाडको टुप्पोबाट तल बेसीमा एउटा घर देखेच । राजकुमार त्यो घराँ पुगेच । उसले घराँ गएर बाहिरबाट बोलाउन थालेच । कोही नबोलेपछि ऊ भित्र पसेर आँटीमा चढेच । आँटीमा पनि कोही नभेटेपछि राजकुमारले सिरान तलामा हेरेच । त्यो तलामा एउटा दैत्य बस्तो रहेच । राजकुमारलाई देखेपछि दैत्यले भनेच, "वन जाम्ला भनेको मुसमुसे गन्ध घरै आओ ।" राक्षस राजकुमारलाई खान तयार भएच । उनीहरू लड्न थालेचन् । शक्ति हुन्जेल राजकुमार लडेच तर आखिरमा दैत्यले उसलाई पराजित गरेच । (गिरी, २०८२)

राक्षस पनि मानव प्रजाति नै भएकाले घरमा नै बसेको छ । आफ्नै घरमा बसेर उसले मानव लगायत अन्य जीवको सिकार गरेर जीविका निर्वाह गर्ने गरेको छ । उसले घरमा लुकेर अरूको शिकार गर्ने गरेको छ । ऊ आफू सुरक्षित हुनकै लागि नै घरको सिरान तलामा लुकेर बसेको छ । राजकुमार पनि घर देखेर आफूलाई खाना र छाना पाइने आशाले त्यहाँ पुगेको थियो । ऊ घरमा मान्छेको आभाष पाएर सिरान तलामा पुगेको हो । राजकुमार अपरिचित घर र सिरान तला अनकूल नभएकाले लडाईंमा राक्षससँग पराजित हुन पुगेको छ । राजकुमार हाँसुले बाँसुले कुकुरको सहयोगले राक्षसलाई पराजित गर्न सफल भएको छ । राजकुमार राक्षसलाई पराजित गरेपछि आफ्नी श्रीमतीसहित त्यही घरमा बस्न थालेको छ । राक्षसलाई पनि राजकुमारले त्यही घरको एउटा कोठामा कैद गरिदिएको थियो । खेतको फाँटको बीचमा भएकाले त्यो घरमा खाद्यान्नको पनि उचित जोहो गर्न सकिने देखिएको छ । त्यो घरले उनीहरूलाई नाना, छाना, सुरक्षा र खाना दिएको थियो तर राक्षससमेत बसेकाले त्यो घर राजकुमारका लागि पनि उपयुक्त वासस्थान हुन भने सक्दैनथ्यो । राजकुमारकी श्रीमतीका लागि पनि त्यो घर पनि उचित वासस्थान रहेको छैन । राजकुमारकी श्रीमतीले श्रीमान्सँगबाट चाबी चोरेर राक्षस बसेको कोठा खोल्नुको कारण पनि उचित वासस्थानको अभाव नै हो । राक्षसका लागि पनि कोठामा सीमित हुनु उपयुक्त थिएन । त्यसकारण उसले राजकुमारकी श्रीमतीलाई वशमा पारेर राजकुमारलाई नै मारेर आफ्नो वासस्थान सुरक्षित गर्न खोजेको छ । फलतः राक्षस र राजकुमारकी श्रीमती मिलेर राजकुमारलाई मार्छन् । श्रीमतीले मार्न लागेको डाहलाई राजकुमारले पानीमा पुगेर शान्त पारेको छ । पानीबाट पुनर्जीवन पाएपछि उसले आफ्नी श्रीमतीलाई नै मारेको छ । आफ्नी श्रीमतीलाई मारेपछि भने राजकुमारको घर र राक्षसको घर दुवै बस्नका लागि उपयोगी भएका छन् । यो लोककथामा राजकुमारकी श्रीमतीबाहेक अन्य सबैका लागि स्थल, जल दुवै वासस्थान उपयुक्त नै रहेका छन् । राजकुमारकी श्रीमती भने स्थानगत अस्तित्व नभएकाले मारिन पुगेकी छ ।

'घरपैँचो' लोककथामा पनि राजकुमारको वासस्थान उपर्युक्त नहुँदा उसले अनेक दुःख पाउनु परेको छ तर वासस्थान अनुकूल भएपछि ऊ आफ्नो घरमा फर्किन पाएको छ । राजकुमारकी श्रीमतीले राजकुमारसँग बिहे गर्दा पनि उसका लागि वासस्थानको उपयुक्त प्रबन्ध नमिलेकाले मारिनु परेको

छ । लोककथाका अन्य मानव र मानवेतर पात्रको भने यो लोककथामा उचित वासस्थान रहेको पाइन्छ । राजकुमारकी श्रीमतीका लागि वासस्थान अनुकूल नभएकाले नै पारिस्थितिक प्रणाली खल्बलिएको थियो तर ऊ मारिए पछि भने पारिस्थितिक प्रणाली सन्तुलित बन्न पुगेको पाइन्छ ।

## निष्कर्ष

पर्यावरणीय समालोचनाले साहित्यमा प्रतिविम्बित पर्यावरणको अध्ययन गर्दछ । प्रस्तुत लेखमा पर्यावरणीय समालोचनाको पारिस्थितिक प्रणालीसम्बन्धी सिद्धान्तका आधारमा गुल्मी जिल्लामा प्रचलित 'घरपैँचो' लोककथाको अध्ययन गरिएको छ । पारिस्थितिक प्रणालीका अन्तर्सम्बन्ध, शक्तिको रूपान्तरण र वासस्थानलाई अध्ययनको अवधारणा बनाइएको छ । 'घरपैँचो' लोककथामा राजा, राजकुमार र उसकी श्रीमती, हाँसुले बाँसुले कुकुर, राक्षस, माझी, माछा, बाघ बघिनीजस्ता मानवीय र मानवेतर पात्रहरूको प्रयोग गरिएको छ । गाउँ, घर, जङ्गल, रूख बिरुवा, बाटोघाटो, पानीजस्ता भौतिक वस्तु पनि कथानकमा आएको पाइन्छ । मानवीय र मानवेतर जीवजन्तु आन्तरिक र अन्तर्वैयक्तिक अन्तर्सम्बन्धमा रहेको पाइन्छ । अन्तर्सम्बन्ध भौतिक जगत्का हावा, पानी र माटोसँग पनि रहेको छ । पर्यावरणको नियमबमोजिम नै प्रत्येक जीव र निर्जीव यो लोककथामा अन्तर्सम्बन्धित रहेका छन् । यस्तो अन्तर्सम्बन्धले पारिस्थितिक प्रणालीलाई सन्तुलित तुल्याएको छ । यसमा शक्तिको रूपान्तरण वनस्पतिबाट जीवमा र पुनः जीवबाट मल, माटो हुँदै वनस्पतिमा नै भएको पाइन्छ । लोककथाकी मुख्य पात्र राजकुमारकी श्रीमतीको शक्तिको रूपान्तरण नयाँ घरमा गराइएको छ । नयाँ घर अर्थात् ढुङ्गा माटोमा उसको शक्तिको रूपान्तरण गराएपछि त्यो पुनः वनस्पतिबाट जीवकै अन्न वा शक्ति बन्न पुगेकी छ । प्रत्यक्ष रूपमा राजकुमारकी श्रीमती बाहेक अन्य कसैको शक्तिको रूपान्तरण लोककथामा भएको छैन । यो लोककथामा अप्रत्यक्ष तरिकाले जीवको शक्तिको स्रोत अन्न र मासु बनेको पाइन्छ । पारिस्थितिक प्रणालीलाई सन्तुलित तुल्याउन राजकुमारकी श्रीमती मारिनु परेको छ । लोककथामा आएका मानव र मानवेतर पात्रहरूले स्थल र जललाई आफ्नो वासस्थान बनाएका छन् । राजकुमार पनि जलमा केही दिन बस्नुपरेको पाइन्छ । राजकुमार, उसकी श्रीमती र कुकुरले बाटो तथा वन जङ्गललाई पनि वासस्थान बनाएको पाइन्छ । उनीहरू उचित वासस्थानका अभावमा विभिन्न ठाउँमा भौँतारिन बाध्य भएका छन् । राजकुमारकी श्रीमती त उपयुक्त वासस्थान नपाएकै कारण मारिन पुगेकी छ । ऊ मारिएपछि बल्ल राजकुमारको घर बस्न योग्य भएको पाइन्छ । राजकुमारकी श्रीमतीको बाहेक अन्यको स्थानगत अस्तित्व सुरक्षित रहेको छ । लोककथामा अन्तर्सम्बन्ध, शक्तिको रूपान्तरण र वासस्थान सबैले पारिस्थितिक प्रणालीलाई सन्तुलित तुल्याएका छन् ।

### कृतज्ञताज्ञापन

प्रस्तुत अनुसन्धानात्मक लेख त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिक शास्त्र सङ्काय, नेपाली केन्द्रीय विभागअन्तर्गत नेपाली विषयको दर्शनाचार्य-विद्यावारिधि तह तेस्रो सत्रको पाठ्यांश ७२० को प्रयोजनार्थ तयार पारिएको *गुल्मी जिल्लामा प्रचलित लोककथामा पर्यावरण* (२०८२) शीर्षकको शोधप्रबन्धमा आधारित रहेको छ । दर्शनाचार्य-विद्यावारिधि तहको उक्त अध्ययन पूरा गर्न मलाई विश्वविद्यालय अनुदान आयोगले आर्थिक वर्ष २०८१/८२ मा दर्शनाचार्य वृति प्रदान गरेको थियो । उक्त वृति प्रदान गरेर अध्ययनमा सहयोग गरेकोमा म विश्वविद्यालय अनुदान आयोगलाई हार्दिक कृतज्ञताज्ञापन गर्दछु ।

**Ethical approval for the research:** Not applicable

Consent for publication: Not applicable

**Conflict of interest:** The author does not have any conflict of interest with any institutions concerning this research

**Ethical conduct of research:** This paper is written ethically

## सन्दर्भसामग्री सूची

एटम, नेत्र (२०६८), पर्यावरणीय समालोचना, राजेन्द्र सुवेदी र लक्ष्मणप्रसाद गौतम (सम्पा.), *रत्न बृहत् नेपाली समालोचना सैद्धान्तिक खण्ड* (पृ. ३१०-३३२), रत्न पुस्तक भण्डार ।

गिरि, दमन्ता (२०८२, जेठ १७), घरपैँचो, लोककथाकी वाचिकासँग गरिएको अन्तर्वार्ता ।

ज्ञवाली, शिवशरण (२०८२), *गुल्मी जिल्लामा प्रचलित लोककथामा पर्यावरण, [*अप्रकाशित दर्शनाचार्य शोधप्रबन्ध*]*, त्रिभुवन विश्वविद्यालय ।

त्रिपाठी, गीता (२०७५), *आधुनिक नेपाली कवितामा पर्यावरणीय चेतना* , *[*अप्रकाशित विद्यावारिधि शोधप्रबन्ध*]*, त्रिभुवन विश्वविद्यालय ।

भट्टराई, गोविन्दराज (२०६४), *उत्तरआधुनिक विमर्श,* मोर्डन बुक्स ।

रेग्मी, अनुपमा (२०६९), पर्यावरणीय समालोचनाको परिचय, *समकालीन साहित्य,* ६९, पृ.४४-५५ ।

श्रेष्ठ, तीर्थबहादुर (२०८०), नेपाल अध्ययन (भाग १), *भूस्वरूप र हावापानी,* शिक्षक मासिक ।

श्रेष्ठ, तीर्थबहादुर, (२०८२), *नेपाल गाथा,* बुकहिल पब्लिकेसन ।

Campbell, S. (1996). The Land and Langauge of Desire: where Deep Ecology and Post-Structuralism Meet. Cheryll Glotfelty and Harold Fromm (edit.), *The Ecocriticism Reader* (124-136). The University Press.

Evernden, N. (1996). Beyond Ecology.Cheryll Glotfelty and Harold Fromm (edit.), *The Ecocriticism Reader* (91-104). The University Press.

Naess, A. (2005). The deep ecology movement: some philosophical aspects. In. A. Drengson and H. Glasser (Eds.), Selected Works of Arne Naess, X (35-55). Springer.

Phillips, D. (2003). *The Truth of Ecology Nature, Culture, and Literature in Amrica*. Oxford University Press.

Glotfelty, C. (1996). Literaray Studies in An Age of Environmental Crisis. Cheryll Giotfelty and Haroid Fromm (edit.). *The Ecocriticism Reader* (xv-xxxvii). The University Press.

Garrard, G. (2044). *Ecocriticism*. Routledge

Guin, U. K. L. (1996). The Carrier Bag Theory of Ficiton. Cheryll Giotfelty and Haroid Fromm (edit.), *The Ecocriticism Reader* (149-154). The University Press.

Howath, W. (1996). Some Principles of Ecocritism. Cheryll Giotfelty and Haroid Fromm (edit.), *The Ecocriticism Reader* (69-91). The University Press.

Islam, M. R. (2024). A study Of Deep Ecology and Environmental Sustainability Through an Eco-Feminist Lens. *Sudurpashim Spectrum, 2*(1), 105-122.

Mcdowell, M. J. (1996). The Bakhtinian Road to Ecological Insight. Cheryll Giotfelty and Haroid Fromm (edit.), *The Ecocriticism Reader* (371-391). The University Press.

Mclnturff, A. and others. (2025). The Socio-ecological niche. *People and Nature*. 7, 1185-1197.

Mishra, S. K. (2016). Ecocriticism: A Study of Environmental Issues in Literature. *BRICS Journal of Educational Research*, *6*(4), 168-170.

Rucekert, W. (1996). Literature and Ecology: An Experiment in Ecocriticism. Cheryll Giotfelty and Haroid Fromm (edit.), *The Ecocriticism Reader* (105-123). The University Press.

## About the Author

Shiva Saran Gyawali is assistant professor of Nepali literature at Saraswati Campus, Tribhuvan University.